# सप्तकोशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फत्तेपुर, सप्तरी
## मधेश प्रदेश, नेपाल

**औषधी आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति: २०८०/०९/०८ गते)**

यस सप्तकोशी नगरपालिकाको लागि आवश्यक औषधी सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक वयिक्त, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही चालु आ.ब. २०८० /०८१ को लागि रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ। तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले सार्वजिनक खरिद अनगुगमन कार्यालय (PPMO) को वेवसाइट https://bolpatra.gov.np/egp/ मा गई बिद्युतीय खरिद प्रणालीबाट बोलपत्र प्रस्ताव दर्ता/गर्न हुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागि यस सप्तकोशी नगरपालिकाको सूचना पाटी, वेवसाइट www.saptakoshimun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी/स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ।

१. बिद्युतिय खरिद प्रणालीबाट बिद्युतिय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp/ मा गई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२:०० बजे सम्म Electronically bid खरिद गर्न सकिनेछ र रितपुर्वक खरिद गरिएको दरभाउ पत्र १५ औं दिन दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्नेछ र सोहि दिन अपरान्ह दिनको २:०० बजे सप्तकोशी नगरपालिकाको कार्यालयमा खोलिनेछ।यस कार्यालयबाट (Hard Copy) बिक्रि गरिनेछैन।

२. दरभाउपत्र खरिद दस्तुर बापतको रकम यस कार्यालयको नेपाल बैंक लि. फत्तेपुर शाखा कार्यालय, सप्तरीमा रहेको आन्तरिक राजश्व खाता नं. ११३०३०००००१००१००००१ मा दाखिला गरेको बैंक भौचर पेश गर्नु पर्नेछ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. सिलवन्दी दरभाउपत्र साथ रु. १,००,०००/-(अक्षेरुपि एक लाख रुपैंया मात्र) बराबरको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. फत्तेपुर शाखा, सप्तरीमा यस कार्यालयको धरौटी खाता नं. ११३०३००००३०००००००१ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त क वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचिलत कानुनले तोकेको मान्य अवधि (दरभाउ पत्र खोल्ने मिति देखि ७५ दिन) भएको जमानी पत्र (बिडबन्ड) पेश गर्नुपर्नेछ।

६. औषधी खरिद गर्दा WHO GMP Certified Company र नेपाल सरकारबाट मान्यता प्राप्त उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ।

७. खरिद हुने औषधीहरुको म्याद सम्बन्धमा उक्त औषधीको म्याद यस कार्यालयमा बुझाउदाको मितिबाट किम्तिमा १८ महिना बाकी हुनु पर्नेछ। सो भन्दा घटी म्याद भएका औषधीहरु स्वीकार गरिने छैन।

८. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।

९. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्ने सकिने छ।

१०. अन्य कुराहरुको हकमा प्रचिलत कानुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस सप्तकोशी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ तथा प्रचिलत नेपाल कानुन अनुसार हुनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | बिवरण | लागत अनुमान (मू.अ.कर सिहत) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | SM/Medicine/080/81-1 | Supply and Delivery of Medicine | ३६६४९७२.५८/- | १,०००/- | १,००,०००/- | |

.................................
प्रमुख प्रशासकीय अधिकृत